# कृषि, पर्यटन र पूर्वाधार, रुन्टीगढी सम्बृद्धिको आधार
# आ.व. २०७९/०८० का लागि रुन्टीगढी गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम

**रुन्टीगढी गाउँपालिकाको सम्मानित गाउँसभा, सभाध्यक्ष ज्यू,**
**गाउँसभाका सदस्य ज्यूहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु,**
**उपस्थित सम्पूर्ण महानुभावहरु,**

रुन्टीगढी गाउँपालिकाको सम्मानित र गरिमामय यस सभामा आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न यहाँहरुसमक्ष उभिएको छु। जनताको अधिकार जनताका लागि उपयोग गर्न बिशेष जिम्मेवारीका साथ रुन्टीगढी गाउँपालिकाबासीहरुका लागि जीवनरेखा कोर्ने यो पूनित अवसरमा आफुलाई गौरवान्वित महसुस गरेको छु।

यस महत्वपूर्ण अवसरमा नेपालमा अग्रगामि लोकतान्त्रिक परिवर्तनका लागि भएका विभिन्न ऐतिहासिकजनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपुर्ण ईतिहासलाई स्मरण गर्दै राजनैतिक-सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै नेतृत्वगण तथा अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु। विभिन्न कालखण्डमा भएका जनआन्दोलन र संघर्षमा जीवन उत्सर्ग गर्नेमहान शहिदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु। साथै बेपत्ता र द्वन्द्वपिडित नागरिकहरुलाई सम्मान गर्दै बलिदानिपूर्ण संघर्षको योगदान हाम्रा लागि सदैब प्रेरणादायी छ। यी संघर्ष र आन्दोलनमा रुन्टीगढीबासि नागरिकले पुर्याएको योगदानले हामीलाई कर्तब्य पथमा सदैब डोर्याईरहनेछ।

जन चाहना अनुरुप नागरिकको घरदैलोमा सेवा प्रदान गर्ने आधारस्तम्भको रुपमा रहने स्थानीय तहको दोश्रो निर्वाचनले प्रतिस्प्रधात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालिको जगलाई अझ मजबुत बनाएको छ। नयाँ जनादेश सहित निर्धारित समयमा नै रुन्टीगढी गाउँसभा/कार्यपालिकाको गठन भए सँगै लोकतान्त्रिक मुल्य र मान्यतामा आधारित समाजबादप्रति प्रतिबद्ध रहि दिगो शान्ति, शुसासन, विकास र सम्बृद्धिको चाहना पुरा गर्ने दिशामा अग्रसर रहन थप सबल आधार प्राप्त भएको छ। स्थानीय तहको निर्वाचन सफलतापुर्वक सम्पन्न गराउने निर्वाचन आयोग, सहयोग पुर्याउने राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय तथा यस प्रक्रियामा संलग्न राजनीतिक दल, संघसंस्था र आमनागरिक सबै प्रति रुन्टीगढी सरकार आभार ब्यक्त गर्दछ।

**सभाध्यक्ष महोदय,**

संघीयता र स्थानीय सरकार मार्फत घरघरमा अधिकार, गाउँगाउँमा सिंहदरबार, हाम्रो गाउँ हामी आफै बनाऔ जस्ता सिद्दान्तलाईमुर्त रुप दिने जिम्मेवारी सहित हामी निरन्तर लागिरहेका छौं । यो हाम्रो लागि अवसर र चुनौति दुबै हो। अधिकार, स्रोतसाधन, बजेट, उत्तरदायीत्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागत योग्य छ। रुन्टीगढी गाउँपालिकाको स्थानीय सरकारले यस गाउँपालिकामासर्बसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने, पिछडिएको वर्ग, समुदाय तथा क्षेत्रको उत्थान तथा मुल प्रबाहिकरण हुने, आम्दानीका स्रोतमा बृद्धि हुने, रोजगारी सृजना हुने, गाउँपालिकाको बहुआयामिक पहिचान स्थापित हुने, कृषि, पर्यटन तथा उत्पादनमा बहुआयामिक र व्यबसायिक विकासमा योगदान पुग्ने प्रकृतिका योजना तर्जुमा गर्ने, सहभागितामुलक योजना तर्जुमाका साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागि गराउने, मागमा आधारित रही यस क्षेत्रको माटो हावापानि सुहाउदो कार्यक्रम एवं विकासका गतिविधिहरु संचालन गरि यस क्षेत्रका जनताका गरिवी न्युनिकरण गर्ने प्रमुख नीति लिईएको छ।

**सभाध्यक्ष महोदय,**

सार्वभौमसत्ता सम्पन्न यस गाउँपालिकाका जनताहरुबाट राज्यशक्तिको प्रयोग गर्ने बैधानिकता प्राप्त भएको यस गरिमामय सभामा संघीयता कार्यान्वयनको हालसम्मको अभ्यास, अनुभव, पृष्ठपोषण र आगामी कार्यदिशा तय गर्न

यस गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म निकै हर्षितर गौरवान्वित महसुस गरेको छु।

नेपालको संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारतः रुपान्तरण गर्ने क्रममा संघीय शासन व्यवस्थाको मर्म अनुरुपको राजनीतिक, आर्थिक, सामाजिक तथा वित्तीय स्वायत्तता सहितको स्थानीय तहको शासन संचालन गर्न यस रुन्टीगढी गाउँपालिकामा गाउँकार्यपालिका तथा गाउँसभाको गठन भएको कुरा सर्वबिदितै छ।संघ, प्रदेश र स्थानीय तहको सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तमा आधारित रहि प्राकृतिक स्रोतको संरक्षण, उपयोग र समन्यायीक बाँडफाँड भई स्थानीय अर्थतन्त्रलाई राष्ट्रिय अर्थतन्त्रसँग आबद्ध गर्दै आर्थिक समुन्नतिको आधारशिला तय गरिनेछ। आन्तरिक उत्पादन बृद्धि, गुणस्तरीय पूर्वाधार निर्माण, स्थानीय जनताको लगानी प्रबर्द्धन, व्यबसायिक वातावरण निर्माण एवं सहजीकरण गर्न नीतिगत, कानुनीगत र प्रणालीगत सुधार गरिनेछ।रुन्टीगढीबासिले बिदेशमा आर्जन गरेको सिप, पुजि र प्रबिधिलाई रोजगारी तथा स्वरोजगारीका अवसर सृजनामा उपयोग गर्न प्रोत्साहित गरिनेछ। ठुला तथा रणनीतिक महत्वका पूर्वाधार निर्माण गर्न आबश्यक पर्ने लगानीको प्रत्याभुति गरिनेछ।सार्वजनिक खर्च व्यवस्थालाई पारदर्शी, मितव्ययी, जवाफदेहि र नतिजामुखि बनाईनेछ। पूँजिगत खर्च बृद्धि गर्न र विकास आयोजना कार्यान्वयनलाई नतिजामा आधारित बनाउन दिगो र प्रभावकारी विकासको अवधारणा ल्याईनेछ।विनियोजन कुशलता कायम गर्न दीर्घकालिन सोंच अनुरुप गाउँपालिकाका प्राथमिकताका आधारमा विकास कार्यक्रमका आयोजनालाई बजेटसँग आबद्ध गरिनेछ।डिजिटल बैंकिङको अवधारणा अनुरुप यस गाउँपालिकाको भुक्तानी प्रणालि सुदृढ गरि सबै वित्तीय कारोबार विद्युतीय माध्यमबाट हुने व्यबस्था मिलाईनेछ। आर्थिक विकास र गरिवी निवारणका लागि सरकारी, निजि, र सहकारी क्षेत्रलाई उद्दमशिलता, उत्पादन र रोजगारीसँग आबद्ध गरिनेछ। साथै प्रभावकारि अनुगमन गरि संस्थागत सुशासन प्रबर्धन गर्न नियमनकारी भुमिका लिईनेछ।गाउँपालिका भित्र कार्यान्वयन गरिने आगामि योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गरि योजना बैंकमा समाबेश गर्दैप्रदेश र संघीय मन्त्रालय तथा अन्य दातृ निकायसँगको साझेदारीलाई प्राथमिकता दिईनेछ। आगामी पाँच बर्ष भित्र आबधिक योजना, मध्यमकालिन खर्च संरचना (Mid-Term Expenditure Framework), जियो स्पेशियल बेश्ड(Geo Spatial Based) योजना निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ। दिगो विकासका लक्ष्यहरुलाई प्राप्त गर्न पालिकाको आबधिक योजना, बार्षिक बजेट एवं मध्यमकालिन खर्च संरचना (Mid-Term Expenditure Framework) सँग तालमेल गराईआन्तरिकीकरण गरिनेछ । राजश्व संभाव्यता अध्ययन प्रतिबेदनको सिफारिसको आधारमा राजश्वको दर र दायरालाई बैज्ञानिक बनाईनेछ।पालिकाभित्र भएगरेका गतिविधिलाई जानकारी गराउने उद्देश्यले हेलो रुन्टिगढी सरकार कार्यक्रम संचालनमा ल्याईनेछ।

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

अघिल्ला आर्थिक बर्षका नीति तथा कार्यक्रमहरु क्रमशः कार्यान्वयन हुदै आएका छन। हाम्रो दृष्टिकोण स्पष्ट छ, गन्तव्य निश्चित छ, लक्ष्यहरु निर्धारित छन, नीति तथा कार्यक्रमहरु जनमुखी छन र कार्यान्वयन परिणाममुखि हुनेछन।यसै सन्दर्भमा आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रमले जनताका चाहनाहरुलाई व्यवहारतः सम्बोधन गर्नेमा म विश्वस्त छु। विगत तीन आर्थिक बर्ष देखि राष्ट्र नै कोभिड १९ को महामारीले आक्रान्त हुदा त्यसबाट रुन्टीगढी गाउँपालिका पनि अछुतो हुन सकेन। जसका कारण गाउँपालिकाका विकास निर्माणका आयोजनाहरु, उद्योग, कृषि, पर्यटन, स्वास्थ्य जस्ता क्षेत्रहरु निर्धारित लक्ष्य र गतिका साथ अघि बढ्न व्यबधानउत्पन्न हुन गयो।कृषि क्षेत्रलाईआधुनिकीकरण, व्यवसायीमुलक रआत्मनिर्भरमुखीबनाईने छ ।बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई सिपमुलक, व्यवसायमुलक रोजगारीमा आबद्ध हुन प्राथमिकता दिईनेछ।पर्यटन

क्षेत्रको विकासको लागि रुन्टीगढी गाउँपालिकाका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण,प्रबर्धन एवं प्रचारप्रसार मार्फत स्थानीय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा खडा गरि पर्यावरण अनुकुल पर्यटन उद्योगको विकास गर्दै त्यसको प्रत्यक्ष लाभ स्थानीयस्तर सम्म पुर्याईनेछ। स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउदै सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गरिनेछ। प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्दार, राहत एवं पुनर्स्थापनाका कार्यक्रम ल्याईनेछ। अन्तरपुस्ता समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै उपलब्ध प्राकृतिक स्रोतसाधनको संरक्षण, संबर्द्धन र वातावरण अनुकुल दिगो रुपमा उपयोग गरिनेछ। आबश्यकता अनुसार सूचना प्रविधिको विस्तार गरि त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच स्थापित गरिनेछ।

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निश्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाउदै रुन्टीगढी गाउँपालिकाबाट प्रदान हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच स्थापित गरि सुशासनको प्रत्याभुति प्रदान गरिनेछ। जनप्रतिनिधि, कर्मचारी र नागरिकलाई क्षमता विकास योजना निर्माण गरि कार्यक्रम संचालन गरिनेछ। विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, सम्प्रदायबीच पारस्परिक सदभाव, सहिष्णुता, ऐक्यबद्धता कायम गर्दै एकतालाई मजबुत गरिनेछ। शान्ति सुरक्षा, मानविय सुरक्षा एवं मानव अधिकारको प्रत्याभुति गर्दै विधिको शासन स्थापित गरिनेछ। समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रिति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, शोषण, असमानता र अन्यायको अन्त्य गरिनेछ। लैङ्गिक समानता र सामाजिक समावेशीकरणको नीति अवलम्वन गरि सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै सामाजिक-आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यवसायीक बनाईनेछ। श्रम प्रति सम्मान जगाउदै समान कामका लागि समान ज्यालाको व्यवस्था गरिनेछ। सामाजिक रुपले पछाडि परेका महिला, दलित, आदिवासि, जनजाति, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत, पिछडावर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, लोपोन्मुख समुदाय, युवा, किसान, श्रमिक, उत्पिडित, आर्थिक रुपले बिपन्नवर्गलाई समावेशी सिद्धान्तका आधारमा सशक्तीकरण गरि मुलप्रबाहीरण गरिनेछ। बालबालिकालाई घरेलु कामदार, कलकारखाना, खानी वा यस्तै जोखिमपूर्ण काममा प्रयोग गर्न रोक लगाईनेछ। रुन्टीगढी गाउँपालिका भित्र बालबिबाहलाई निरुत्साहित गर्दै प्रत्येक बालबालिकाको सर्बाङ्गिण विकासका लागि शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद र मनोरजञ्जनको सुनिश्चितता गरिनेछ। हरेक ज्येष्ठ नागरिकलाई विशेष संरक्षण, सम्मान, तथा सामाजिक सुरक्षाको दायरामा ल्याईनेछ। उत्पत्ति, जात, जाति वा शारिरीक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा निच दर्शाउने,एवं जातजाति वा छुवाछुतको आधारमाहुने सामाजिक भेदभावलाई निरुत्साहित गरिनेछ। समाजमा प्रत्येक व्यक्तिलाई विद्यमान कानुन, सामाजिक न्याय र समावेशी सिद्धान्तका आधारमास्वतन्त्र, निश्पक्ष, सक्षम साथै स्वच्छ न्यायीक सुनुवाईको प्रत्याभुति गरिनेछ। स्थानीय तहको कार्यालय, अस्पताल तथा सार्वजनिक सेवा प्रबाहहुने कार्यालयहरुमा कर्मचारी लगायत सेवाग्राहीलाई लक्षीत गरी अलग्गै स्तनपान कक्षको ब्बयस्था गरिने छ । यस रुन्टीगढी गाउँपालिका भित्र संचालन हुने गैरसरकारी संघ सस्थाहरुका कार्यक्रमहरु गाउँसभावाट पारित गरी कार्यन्वयन गरिनेछ ।

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

**अब म आगामि आर्थिक बर्ष २०७९/०८० को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति माग्दछु।**

**(१) शिक्षा, युवा तथा खेलकुद नीति**

- गाउँपालिकाभित्र स्नातक तहसम्मको क्याम्पस संचालनका लागि पहल गरिनेछ।
- गुणस्तरीय, अनिबार्य तथा निशुल्क शिक्षाका लागि विद्यालय क्षेत्र विकाश योजना कार्यान्वयनमा ल्याईनेछ।

- समाज विकासमा योगदान असल, योग्य, अनुशासित एवं समाज र राष्ट्रप्रति जिम्मेवार नागरिक उत्पादन गर्ने र व्यक्तिको ज्ञान, सिप र क्षमता बृद्धि गर्नेगरि गुणस्तरीय शिक्षा प्रणालिको विकास गरिनेछ ।
- युबाहरुलाई देशभित्रै रोजगारी प्राप्त गर्न प्रोत्साहित गर्दै सरकारी सेवामा प्रतिसपर्धी गराउन लोक सेवा आयोग तयारी, शिक्षक सेवा तयारी कक्षा संचालन तथा अन्य सिप बिकास भाषा बिकास जस्ता कार्क्रम सञ्चालन गरिने छ ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमलाई लागू गर्दै शैक्षिक गुणस्तर बृद्धि, भौतिक पूर्वाधार विकास र अतिरिक्त कार्यक्रम संचालन गरिनेछ।
- दलित, अल्पसंख्यक, लोपोन्मुख जातजाति, र आर्थिक रुपले विपन्न परिवार, शहिद एवं बेपत्ता परिवारका बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्न शिक्षामा विशेष अवसर सुनिश्चित गरिनेछ।
- शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्नका लागि पढ्दै कमाउदै कार्यक्रम ल्याईनेछ।
- प्रत्येक विद्यालयमा खेलकुद क्लब स्थापना गरिनेछ। साथै विद्यार्थीको खेलप्रतिको प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गर्दै खेलाडीलाई प्रशिक्षण र खेलमा सहभागी हुने अवसर उपलब्ध गराईनेछ।
- प्रत्येक बिद्यालयमा खेल मैदान र स्वच्छ खानेपानिको प्रबन्ध मिलाईने छ ।
- विज्ञान प्रविधिलाई शिक्षाका सबै आयामहरुमा आबद्ध गर्दै लैजाने नीति ल्याईनेछ। विज्ञान प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अङ्गको रुपमा विकास गरिनेछ।
- स्मार्ट स्कुल, स्मार्ट शिक्षक र स्मार्ट विद्यार्थी कार्यक्रम संचालन गरि कक्षाकोठालाई प्रविधिमैत्री बनाईनेछ।
- प्राविधिक धारको शिक्षा विस्तार गर्न विद्यालयलाई प्रोत्साहन गरिनेछ।
- विद्यालय शिक्षामा हाल रहेको विद्यालय छोड्ने दरलाई कम्तिमा १० प्रतिशतले घटाईनेछ।
- विद्यार्थीको सर्बाङ्गीण विकासका लागि गुणस्तरीय दिवाखाजा कार्यक्रम क्रमशः आधारभुत तहसम्म विस्तार गरिनेछ।
- विद्यालयका कार्यक्रममा अभिभावकको उपस्थिस्तिलाई कम्तिमा ९० प्रतिशत बनाईनेछ।
- प्रधानाध्यापकको क्षमता अभिबृद्धिका लागि सेवा प्रवेश, सेवा अवधिभर नेतृत्व क्षमता विकास, व्यवस्थापन तथा शिक्षण पद्धतिको तालिमको व्यवस्था गरिनेछ।
- क्षेत्रगत आधारमा सिकाई केन्द्रको स्थापना गरि विषयगत शिक्षकहरुको त्रैमासिक भेला आयोजना गर्दै आफुसँग भएको ज्ञानसिप तथा अनुभव अन्य शिक्षकहरुसँग बाड्ने अवसरको सृजना गरिनेछ।
- शिक्षकको तालिम तथा पेशागत विकासमा ध्यान दिईनेछ।
- संस्थागत र सामुदायीक विद्यालयलाई निरन्तर नियमन र अनुगमन गरि पृष्ठपोषण प्रदान गरिनेछ।
- दलित, विपन्न, असहाय बालबालिकालाई पोशाक तथा शैक्षिक सामाग्री वितरण गरिनेछ।
- यस क्षेत्रका विद्यार्थीहरुका लागि शिक्षक सेवा तथा लोकसेवा आयोग तयारी कक्षाहरु संचालन गरिनेछ।
- **गाउँपालिका भित्रका** प्रारम्भिक बालशिक्षा तथा विद्यालयहरुको गुणस्तर अभिबृद्धी गर्न तालिमको व्यवस्था, पुरषकार र दण्ड नीति सहित आवश्यकता र विद्यार्थीको मापदण्ड बमोजिम विद्यालय नक्साङकनका आधारमा अनुमति र गाभ्ने कार्यलाई कार्यन्वयन गरिने छ ।
- शिक्षकहरुलाई सिकाई सहजीकरण गर्न समय-समयमा तालिम र पुनर्ताजगी अभ्यास शिक्षणका कार्यक्रम संचालन गरिनेछ।
- "हाम्रो विद्यालय राम्रो शिक्षाः बालबालिकाको सुनिश्चित भविष्य रुन्टीगढीको ईच्छा" भन्ने आदर्श वाक्यका साथ विद्यालयलाई गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि विभिन्न अन्तरक्रियात्मक कार्यक्रमहरु ल्याईनेछ।

- रुन्टीगढी प्राविधिक पूर्ण छात्रवृत्ति कार्यक्रम अन्तर्गत एस. ई. ई. परीक्षामा उत्कृष्ट अंक प्राप्त गरेका दलित, जनजाति, महिला, शहिद परिवार तथा आर्थिक रुपले विपन्न जेहन्दार विद्यार्थीलाई प्रत्येक वडाबाट १-१ जना गरि ९ जना विद्यार्थीहरुलाई कृषि तथा भेटनरी प्राविधिक छात्रवृत्ति प्रदान गरिनेछ।
- विद्यालयमा बालबालिकामैत्री पूर्वाधारहरु निर्माण गर्ने नीति तथा कार्यक्रम ल्याईनेछ।
- गाउँफालिका भित्र रहेका सामुदायीक विद्यालयसंग आवश्यक समन्वयगरि गरिब,जेहनदार, पिछडिएका वर्ग, विपन्न अपाङगता भएका विद्यार्थीहरुलाईछात्रवृत्ती, पोषाक, र शैक्षिक सामाग्री बितरण गरिने छ ।
- **अग्रेजी**, **गणित र** बिज्ञान बिषयको दरबन्दी नभएका आधारभुत तह (६–८) र माद्यामिक तह(९–१०) संचालित सामुदायिक विद्यालयमा शिक्षण गर्न अग्रेजी, गणित र विज्ञान विषयको विषयगत शिक्षकको ब्यबबस्थापन गर्न शिक्षण सहयोग अनुदानको व्यबथा मिलाईने छ ।
- **सामुदायीक** विद्यालयको शिक्षक विद्यार्थी अनुदान (STR)को आधारमा शिक्षक परिचालन सरुवा गर्ने नीति अपनईने छ ।
- विद्यालय आधारभुत तह देखि मा.बि तह सम्म ऐच्छिक विषयकारुपमा कृषि शिक्षालाई अनिवार्य पठनपाठनको व्यवस्था गरिने छ ।
- माद्यामिक तहसम्म पढाईहुने सबै बिद्यालयमा एकजना खेलकुद शिक्षकको ब्बयस्था गर्ने र सबै मा.बि. तहको बिद्यालयमा स्काउट रेडक्रसको गठन गरिने छ ।
- विद्यालयमा संचालित दिवाखाजा कार्यक्रमलाई खाजा रकम वितरण गर्ने नभई खाजा नास्ताकै रुपमा संचालन गरिने छ ।
- प्रधानाध्यापकको कार्यसम्पादन क्षमता मूल्याङकन गरि काम गर्ने र सिमा समय निर्धारण गरिने छ ।
- टाढाबाट माद्यामिक तह पढ्न आउने बालबालिकाको अबस्था अध्ययन गरि मा.बि.तहका बिद्यालयमा छात्रवासको व्यवस्था गरिने छ ।
- माध्यमिकविद्यालयमा हप्ताको एक दिन सीपमूलक शिक्षा उपलब्ध गराईनेछ । विद्यालयमाकक्षा १० पढ्ने विद्यार्थीलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमकेन्द्रबाट मान्यताप्राप्त ६ महिने सीपमूलक तालिम व्यवस्था गराईने छ ।तालिममा हाउस वेल्डिङ, ब्युटिसियन, फेसन डिजनाईजर, डल तथा कुसन मेकिङ, टेलरिङ, प्लम्बिङ, हाउस वाईरीङ , फर्निचर लगायत विषय छनौटमा हुनेछन ।तालिम हप्ताको एक दिन २ घन्टा दिईने छ।

## (२) स्वास्थ्य नीति तथा कार्यक्रम

- निरोगी महिला तथा निरोगी बच्चा कार्यक्रम अन्तर्गत मातृशिशु स्याहार कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ।
- प्राथमिक स्वास्थ्य केन्द्रमा नियमित डाक्टर र अत्याधुनिक स्वास्थ्य सामाग्रीको व्यवस्था मिलाईनेछ।
- विरामीको आपतकालिन सेवाको लागि एम्बुलेन्स र सिफारिस प्रणालीको विकास गरिनेछ।पालिकामा सुबिधा सम्पन्न ३ वटा एम्बुलेन्सको व्यवस्था गरिनरे छ ।
- गाउँघर क्लिनिक तथा खोप क्लिनिकलाई व्यवस्थित गरिनेछ।
- कुपोषण न्यूनीकरण गर्न स्वास्थ्यबर्धक र गुणस्तरीय खाद्य पदार्थको उपभोगमा प्रोत्साहन गरिनेछ।
- स्वास्थ्य सेवा र संरचनालाई लैङ्गिकमैत्री, ज्येष्ठ नागरिकमैत्री र अपाङ्गमैत्री बनाउदै लगिनेछ।
- पाँच बर्षभित्र पालिकालाई पुर्णस्वास्थ्य विमित बनाउने नीति लिईनेछ।

- प्राथमिक अस्पतालमा  अस्पताल फार्मेसि मार्फत पालिकाबाटै  स्वास्थ्य बिमा पाउने प्रणालीको बिकास गरिने छ  ।
- बाल तथा मातृशिशु स्वास्थ्यलाई घरदैलोमा पुर्याउन सबै वडामा सुनौलो हजार दिन कार्यक्रम प्रभावकारी बनाईनेछ।
- पालिकाले आफ्नै लक्ष्य निर्धारण गरि स्वास्थ्य संस्थामै सुत्केरी हुने संख्यामा उल्लेख्य बृद्धि गरि मातृमृत्यु र शिशुमृत्यु  दरमा न्यूनीकरण गरिनेछ।२ बर्ष भित्र शुन्य होम डेलिभरी पालिका घोषणा गरिनेछ  ।
- निशुल्क प्रदान गरिने औषधिलाई स्वास्थ्य संस्था मार्फत नियमित रुपमा उपलब्ध गराईने छ  ।
- पालिकाभित्र उपयुक्त रोजगारीको खोजिमा रहेका दक्ष स्वास्थ्य जनशक्तिलाई निश्चित उत्प्रेरणासहित सेवामा सहभागी गराईनेछ।
- लागू पदार्थजन्य बस्तुको प्रयोग तथा विक्री वितरणलाई नियन्त्रण तथा नियमन गरिनेछ।
- विद्यालय र अस्पतालको निश्चित दुरीमा मदिरा, सुर्तिजन्य पदार्थ, जङ्क फुडको प्रयोग र बिक्री वितरण निषेधित गरिनेछ।
- संचालनमा रहेका बर्थिङ सेन्टरहरुमा आवश्यक पूर्वाधार तथा स्वास्थ्यकर्मीहरुको व्यवस्था गरिनेछ।
- विभिन्न विशेषज्ञबाट आँखा शिविर बर्षमा एकपटक गाउँपालिकाको केन्द्रमा गराईनेछ।
- खोप कार्यक्रमलाई प्रभावकारी बनाउन गुणस्तरीय खोप कार्यक्रमको अपरिहार्यतालाई मध्यनजर गरि खोप कोल्ड चेन सब सेन्टर मापदण्ड विस्तार गरिनेछ।
- गाउँपालिकाको केन्द्रमा एउटा स्वास्थ्य उपचार तथा योग केन्द्र संचालनका लागि आवश्यक पहल गरिनेछ।
- खाद्य, गुणस्तर र जनस्वास्थ्य प्रबर्धन तथा निगरानीका लागि मापदण्ड बनाई जनस्वास्थ्य निरिक्षकको परिचालन गरिनेछ।
- निजी स्वास्थ्य संस्थालाई नियमन गर्दै सुलभ र गुणस्तरीय बनाईनेछ।
- उपचार, स्क्रिनिङ, प्रबर्धन, परामर्श सेवाको लागि समय-समयमा वडा र समुदायमा घुम्ती जनस्वास्थ्य शिबिर संचालन गरिनेछ।
- सुत्केरी महिलालाई निश्चित सुत्केरी सहायता भत्ता उपलब्ध गराईनेछ।
- पालिकामा नागरिक आरोग्य कार्यक्रम संचालन गर्ने नीति लिईनेछ।
- ज्येष्ठ नागरिक, अपाङ्ग, असहाय, शहिद परिवारहरका लागि निशुल्क अध्यक्ष स्वास्थ्य उपचार कोष स्थापना गरिनेछ।
- जेष्ठ नागरिकका लागी निशुल्क स्वास्थ्य बिमा र अन्यलाई अनिवार्य स्वास्थ्य बिमा योजना संचालन गर्ने  ।

### (३) पूर्वाधार सम्बन्धी नीति तथा कार्यक्रम

- योजना तथा पूर्वाधार निर्माण गर्दा स्थानीय स्तरमा उपलब्ध हुने श्रम, सिप र स्रोतसाधनको प्रयोग हुने खालका योजनाहरुलई प्राथमिकता दिईनेछ।
- गाउँपालिकाबाट तयार भएको रुन्टीगढी सडक गुरुयोजना कार्यान्वयनमा ल्याईनेछ।
- ग्रामिण केन्द्रलाई बजारसँग जोड्ने र शहरी केन्द्रबीचको सडकलाई विशेष प्राथमिकता दिईनेछ।

- हाम्रो रुन्टीगढी उज्यालो रुन्टीगढी कार्यक्रम आयोजना गरि २बर्षभित्र सबै वडाका घरधुरीमा विद्युत पहुच पर्याईने छ ।
- सडक पूर्वाधारको गुणस्तर र मर्मतमा विशेष ध्यान दिईनेछ।
- पालिका भित्र भू-उपयोग योजना बनाई कडाईकासाथ लागू गर्दै व्यवस्थित बस्ति, कार्यालय, शैक्षिक संस्था, अस्पताल, उद्योग, कलकारखाना, खेतीयोग्य जमिन तथा खेलकुद पूर्वाधारलाई उचित स्थानमा व्यवस्थापन गरिनेछ।
- प्रत्येक वडा कार्यालयसम्म स्तरीकृत सडक सञ्जाल विस्तार गरिनेछ।
- एक वडा एक खेलमैदान निर्माण गरिनेछ।
- पालिका भित्र खानेपानिको मुहान पहिचान गरि प्रत्येक घरपरिवारमा एक घर एक धाराको नीति लिईनेछ।
- पुरातात्विक महत्वका संरचनाहरुको बर्गीकरण एवं जिर्णोद्वार गरि संरक्षण गरिनेछ।
- आगामि दुई बर्ष भित्र यस गाउँपालिकाको केन्द्र होलेरी बजारमा अर्गानिक कोसेली घर स्थापना गरी संचालनमा ल्याईनेछ।
- होलेरी बजारलाई स्मार्ट सिटीको अवधारणा अनरुप व्यवस्थित गरिने छ ।
- जोखिममा परेका बालबालिका, महिला, ज्येष्ठ नागरिकहरुका लागि सेफ हाउसको निर्माण गरिनेछ।
- गाउँपालिका केन्द्र देखि वडा कार्यालयसम्म बाह्रै महिना यातायात सुचारु हुने गरि क्रमशः ग्राभेल, कालोपत्रे गरि सडक सञ्जालले जोड्ने नीति लिईनेछ।
- जनताका आबश्यकता र माग अनुसार विशेष प्रकृतिका झोलुङ्गे पुल संचालनमा ल्याईनेछ।
- होलेरी बजारमा व्यवस्थित बसपार्क निर्माण गरि संचालनमा ल्याईनेछ। सडकमा हुँदै आएका अव्यवस्थित पार्किङ निषेध गरिने नीति लिईनेछ।
- भौतिक संरचनालाई निर्माण गर्दा अपाङ्गमैत्री, बालमैत्री, महिलामैत्री बनाईनेछ।
- संयुक्त लगानीमा निर्माण गर्न सकिने अतिथि गृह, प्राविधिक शिक्षालय, स्नातक तहसम्मको अध्ययन, प्राकृतिक उपचार केन्द्र जस्ता परियोजना संचालन गर्न संभाव्यता अध्ययन गरिनेछ।
- यस पालिका क्षेत्र भित्रका बजार होलेरी, सुर्पाल, चौखे, डुब्रिङ, गोरिनेटा बजारलाई व्यवस्थित बजारका रुपमा विकास गरिनेछ।अव्यवस्थित बसोबासिलाई व्यवस्थित गरिनेछ । बजार क्षेत्रमा भएको अनियन्त्रित अतिक्रमणलाई नियन्त्रण गरिने छ ।
- गाउँपालिका अन्तर्गत निर्माण भएका भवनहरुको अभिलेखीकरण र नयाँ निर्माण हुने भवनहरुको नक्शा पास गरि निर्माण ईजाजत पत्र दिने कार्यलाई निरन्तरता दिईनेछ।बजार क्षेत्रका घरहरुलाई अनिवार्य नक्सा पासको व्यवस्था गरिने छ ।
- सबै वडाहरुमा आमा समुह र ज्येष्ठ नागरिकहरुको बैठक घर निर्माण गर्ने नीति लिईनेछ।
- पानिको मुहान अभाव भएका गाउँहरुमा लिफ्टिङ खानेपानिको आयोजना संचालन गरिनेछ।
- सिंचाईका सम्भावना भएका क्षेत्रहरुमा व्यवस्थित सिंचाईको व्यवस्था गरिनेछ।
- संहिद मार्गको घोराही-होलेरी सडक मर्मत सुधारको लागि संघीय सरकारसँग बिशेष पहल गरिनेछ ।
- **गाउँपालिका स्तरमा** आयोजनाहुने सभा समारोह तथा खेलकुद बिकास समेतलाई मध्यनजर गरि गाउँपालिकाको गौरवको आयोजनाको रुपमा बहुउद्धेश्यीय कर्बडहल सहितको रुन्टीगढी खेलमैदान निर्माण गरिने छ ।
- **निर्माण सम्पन्न भएका** सबै प्रकारका सडकको अध्यवधिक गर्दै निश्चित अनुपातमा स्तर उन्नती गर्न आबश्यक बजेटको व्यवस्था गरिने छ ।

- **सडक लगाएत** भौतिक सम्पति संरक्षण, मर्मत सम्भार, आपतकालिन मर्मत, पुर्ननिर्माण एवं व्यवस्थापन गर्न मर्मत सम्भार कोष स्थापना गरी संचालनमा ल्याईने छ ।
- **गाउँपालिका** उज्यालो बनाउने अभियान अन्तर्गत गाउँपालिकाभित्रका मुख्य मुख्य सार्वजनिक स्थानहरु सडक, पाटी पौवा, देबस्थल, कार्यालयहरुमा बैकल्पिक उर्जा अन्तर्गत सौर्य सडक बत्ती जडान गरिने छ ।
- चुनढुङगा ओसारपसार गर्ने टिप्परहरुलाई वैकल्पिक मार्गको किटान गरि सार्बजनिक सवारीसाधनलाई सहज वातारण बानईने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई पालिका र वडाको वजेटसंग समन्वय गरि संचालन गर्ने व्यवस्था मिलाईने छ ।
- औद्योगिक ग्रामकोलागि भएको DPR अनुसार घरेलु तथा साना उद्योगहरुलाई सोही ठाउमा व्यवस्थापन गर्ने व्यवस्था मिलाईने छ

**(४) कृषि तथा पशुसेवा विकास नीति तथा कार्यक्रम**

- आर्थिक बृद्धि र रोजगारीको प्रमुख सम्बाहकको रुपमा संघीय सरकारले अघि सारेको कृषि व्यबसायलाई हृदयङ्गम गरि आधुनिक प्रविधियुक्त कृषि व्यवसायलाई प्रोत्साहित गरिनेछ। कृषि ब्यबसायलाई यान्त्रिकीकरण प्रावीधीकरण, आधुनिकीकरण गरिने छ ।
- गाउँपालका भित्र पशु तथा कृषि उपज संकलन केन्द्रको व्यवस्थापनबाट खेतबारी देखि कृषि हाटबजार सम्म कृषि सडकको विस्तार गरि कृषि उपजको बजार पहुँच बढाउने साथै कारोबार लागत घटाउने नीति लिईनेछ।
- नगदेबाली तर्फ लसुन, प्याज, अदुवा, टमाटर तथा अन्य तरकारीबालीहरु साथै टिमुर, अलैचि, दालचिनी, अमला लागायत जडिबुटीजन्य उत्पादनलाई व्यवसायीक बनाईनेछ।
- गुणस्तरीय, उन्नत तथा बर्णसंकर बीउँ उपयोग गरि आत्मनिर्भर हुने र जलबायु परिवर्तका असरलाई धान्न सक्ने वातावरण अनुकुलनमैत्रि स्थानीय बीउविजनको अनुसन्धान र विकासमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच समन्वयकारी र सहकार्यमुलक भूमिका लिईनेछ।
- कृषियोग्य जमिनको खण्डीकरण रोकि एकल, समुह वा सहकारी मार्फत जमिन चक्लाबन्दिमा लागि उत्पादन बृद्धि गर्ने नीति लिईनेछ। किसानको हकहित संरक्षण र संबर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भू-उपयोग कार्यविधि तयार गरि लागू गरिनेछ। साथै अर्गानिक खेति प्रणालीलाई प्रोत्साहन गरिनेछ।
- पालिकाभित्र जमिन बाँझो राख्नेहरुको पहिचान गरि त्यस्तो कार्यलाई निरुत्साहित गर्ने र उत्पादनमा सकारात्मक योगदान पुर्याउने कृषकलाई पुरस्कृत गर्ने नीति लिईनेछ। साथै एक वडा एक उत्पादन कार्यक्रमलाई जोड दिईनेछ।
- वडा नं १,२,र ३ को तल्लो क्षेत्रमा मह उत्पादन पकेट क्षेत्र, वडा नं ४ र ५ मा बीउँ पकेट क्षेत्र, वडा नं ६ मा अलैचि, किवी, स्याउ, आलु उत्पादन क्षेत्र, वडा नं ७ र ८ मा अम्बा, आँप, मेवा, कागती तथा अन्य फलफुल उत्पादन पकेट क्षेत्र र वडा नं १,३,६र ९ मा बाख्रापालन पकेट क्षेत्रका रुपमा विकास गरिनेछ। साथै हावापानि र मौसमको सुहाउदो हुने गरि स्याउ, सुन्तला, कागती, प्रजातिका जस्ता फलफुलका उत्पादनमा बृद्धि गर्न सबै वडाहरुमा वोटविरुवा वितरण कार्यक्रम ल्याईनेछ।

- पशुपालनमा सहयोग होस भन्ने हेतुले बहुबर्षिय डाले घाँस तथा भुई घाँस अनुदान कार्यक्रमलाई प्राथमिकताकासाथ लागू गरिनेछ।साथै एक वडा एक कृषि पशु सेवा प्राविधिक कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- यस गाउँपालिका अन्तर्गत उत्पादन भएका कृषि उपजहरुमा लगाईदै गरेको पैठारी कर खारेज गरि निशुल्क गरिनेछ ।
- प्रधानमन्त्री नेपाली उत्पादन तथा उपयोग अभिबृद्धि कार्यक्रम एवं नेपाली उद्योग नेपालमै रोजगार, आफ्नो उत्पादन आफ्नै व्यापार भन्ने संघीय सरकारले लिएको मूलमन्त्रलाई स्थानीयस्तरमा जोड दिईनेछ।
- कृषिमा सूचना प्रविधिको प्रयोग अभिबृद्धि गरिनेछ।
- पालिका क्षेत्रमा मौरीपालन माछापालन, फलफुल, बाखापालन, जस्ता क्षेत्रलाई पकेट क्षेत्रको रुपमा बिकास गरिने छ ।
- उत्पालनमा आधारित प्रोत्साहन अनुदान कार्क्रम सञ्चालन गरिने छ ।
- कृषि तथा पशु विमा कार्यक्रम सम्बन्धी संघीय सरकारले लिएको नीतिलाई यस पालिकामा पनि लागू गरिनेछ। उक्त कार्य कृषक सचेतना कार्यक्रम मार्फत अघि बढाईनेछ।
- पोस्ट हार्भेस्टिङको सिप विकास तालिम संचालन गरि सामाग्री उपलब्ध गराउने नीति ल्याईनेछ।
- उत्पादन प्रविधि र प्राविधिक सहयोग उपलब्ध गराई बेमौसमि खेति अबलम्बनमा प्रोत्साहन गरिनेछ।
- कृषकको संभाव्यता अध्ययन गरि किसानलाई सहुलियतपूर्ण ऋण र अनुदानको प्रबन्ध मिलाईनेछ।
- नमुना पशुपालन तथा कृषि नमुना केन्द्रको स्थापना गरि सिकाई केन्द्रको रुपमा विकास गरिनेछ।
- दुधजन्य र मासुजन्य उत्पादन तथा बिक्रि केन्द्रको स्थापना गरिनेछ।
- कुल बुट (Cool Bot) सहितको होल्डिङ सेन्टर निर्माण गरि अधिक मुल्य बजारमा किसानलाई जोड दिईनेछ।
- **कृषि,पशुपंक्षी** तथा मत्स्य तथ्याङक अध्यावधिक कार्यक्रम,ईपिडिमियोलोजी रिपोर्टिङ र पशु आहारा जस्ता कार्यक्रम संचालन गरिने छ ।
- **कृत्रिम** गर्भाधारण कार्यक्रम कार्फत नस्ल सुधार गरि पशुजन्य उत्पादनमा बृद्धि गरिने छ ।
- **सिप सिकौ**,उद्यमी बनौ नारालाई साकार पार्न महिला, दलित, विपन्न, सिमान्तकृत, अलपसंख्यक पिछडिएका वर्ग र द्धन्द प्रभाबितलाई ब्यबसायीक सिपमुलक र र रोजगारमुलक तालिमसहित उद्यमशिलतामा सहयोग पुर्याउने बिउ पूजि र प्रबिधि अनुदान उपलब्ध गराईने छ ।
- **युवाहरुको** ज्ञान सिप र क्षमतालाई कृषि पेशामा आकर्षित गर्न युवा लक्षित कृषि तथा पशुपंछी बिषेश कार्यक्रम ल्याईने छ ।
- **रैथाने** वालीलाई प्रवर्द्धन गर्दै खाद्यान्न वाली उत्पादन बृद्धिका लागि कृषकलाई उन्नत जातको बिउ वितरण गरिने छ ।
- **कृषि** उत्पादनमा बृद्धि र बाह्रै महीना खेतिका लागि साना सिचाई, प्लाष्टिक टनेल घर निर्माण, कृषि बिउबिजन वितरण गरिने छ ।
- प्रत्येक वडामा तरकारी संकलन केन्द्र स्थापना गरिने छ ।
- एकपालिका एक कोल्ड स्टोर निर्माण गरिने छ ।
- जमिन भाडामा वा लिजमा लिएर ब्यबसायीक कृषि गरिरहेका किसानहरुलाई जमिन बहाल भाडा अनुदान दिने व्यवस्था गरिने छ ।कृषकहरुलाई बिउ, मल, बिसादि, औशधि उपलब्ध गारईने छ ।
- उत्पादित कृषि उपजको बजार मुल्य नभएको अवस्थामा किसानहरुलाई क्षतिपुर्ति दिने व्यबस्था गरिनेछ।

- वडा नं. ४,५,६,७र ९ बजार उन्मुख क्षेत्रलाई मध्यनजर गरी दुग्ध बिकास कार्यक्रम सञ्चालन गरने नीति लिईनेछ ।

**(५)पर्यटन नीति तथा कार्यक्रम**

- पर्यटन प्रबर्द्धनका लागि गरिएका समीक्षा तथा अध्यावधिक गरि कार्यान्वयनमा ल्याईनेछ।
- रुन्टीगढीमा पहिचानमा आएका पर्यटकीय स्थललाई पर्यटक आकर्षणको केन्द्रको रुपमा विकास गरि संचालनमा ल्याईनेछ।
- आन्तरिक एवं बाह्य पर्यटक भित्र्याउन सहयोग पुग्ने प्रकृतिका प्रचारात्मक र प्रबर्धनात्मक कार्यक्रम संचालन गरिनेछ।
- पर्यटकको बसाईको समय लम्बाउन होटल व्यवसाय, यातायात व्यवसाय तथा बजारबासिलाई विभिन्न अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।
- पर्यटकीय पूर्वाधारको निर्माण गर्दा स्थानीय पहिचान झल्किने र पर्यटकका लागि आकर्षक बन्न सक्ने डिजाईनहरु निर्माण गरिनेछ।
- उँघा र खर्से ब्यारेकलाई व्वस्थापन गरि उत्कृष्ट लिभिङ डिजिटल पार्क निर्माण गरिनेछ।
- स्थानीय खानपिन तथा परिकारहरु सफा, सुरक्षित, गुणस्तरीय बनाई पैदल भ्रमण तथा स्थानीय भोज तथा जात्राहरुलाई आकर्षक पर्यटकीय प्याकेजका रुपमा विकसित गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ।
- स्थानीय तहमा पाईने रैथाने खाद्य पदार्थ, पेय पदार्थ, हस्तकलाका सामाग्रीहरुको ब्रान्डिङ तथा बजारिकरण गर्ने नीति ल्याईनेछ।
- होमस्टे, ग्रामिण पर्यटन, समुदायमा आधारित पर्यटन संचालकहरुका लागि भाषागत सिप, तालिम, सरसफाई र सुरक्षा सम्बन्धी अभिमुखीकरण गरिनेछ।
- प्रदेश सरकार र संघीय सरकारको साझेदारिमा होलेरी क्षेत्रलाई हिल स्टेसनका रुपमा विकास गरिनेछ।
- रुन्टी, गढी, शिव-पार्वती गुफा, मुरुल्ले, उमागढी, मच्छिन्द्रनाथ गुफा, चिन्नेथान, लापाल, कोप्चे, लगायतका ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक सौन्दर्यलाई प्रबर्धन गरि भ्रमण प्याकेजका रुपमा विकास गरिनेछ।
- उमागढीमा रहेको ढुङ्गे नदिलाई आकर्षक गन्तब्यक सहितको  ढुङ्गे नदिको रुपमा विकास गरिनेछ।
- होलेरी बजार तथा दाङ र रोल्पाको सीमानामा रहेको दाङछिरीलाई रिफ्रेस सेन्टर, कन्फ्रेन्स हब, अर्गानिक टेस्ट सेन्टर, प्राकृतिक उपचार केन्द्र तथा आध्यात्मिक साधनास्थलका रुपमा विकास गरिनेछ।
- पैदल मार्ग, लम्बीय पहाड पैदल यात्रा, साहसिक पर्यटन (बन्जि जम्प, प्यारागलाईडिङ, जिप फ्लायर, जंगल सफारी, नाईट जंगल स्टे) संचालनका लागि दातृ निकाय तथा निजी लगानीलाई प्रोत्साहन गरिनेछ।
- रुन्टीगढी गाउँपालिका प्रमुख पर्यटकीय स्थल दाङछिरी, म्यगजिन गढी, मुरुल्ले जोड्ने पैदल मार्ग निर्माण गरि ठाउँ ठाउँमा बिश्राम स्थल तथा  रिफ्रेस प्वाईन्ट स्थापना गरि फोटो सुट र टिकटक हपको रुपमा स्थापित गरि पिक्निक स्पोर्ट समेतको व्यवस्था गर्ने गरिने छ ।

**(६)समावेशि नीति तथा कार्यक्रम( महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग, दलित, जनजाति, शहिद परिवार)**

- महिला समुहहरुको क्षमता विकास तथा समुह सुदृढीकरणका लागि बिज्ञहरुबाट अभिमुखीकरण तथा प्रशिक्षण संचालन गरिनेछ। यसका लागि विकासमा महिला कार्यक्रम संचालन गरि महिलालाई सामाजिक अभियानमा जोडिनेछ।

- हिंसामा परेका महिला तथा बालबालिकाहरुका लागि अल्पकालिन सुरक्षित आबास गृह (सेफ हाउस) निर्माण गरि संचालनमा ल्याईनेछ।
- महिला, दलित, जनजाति र फरक क्षमता भएका ब्यक्तिहरुका लागि आय-आर्जनमुलक कार्यक्रम संचालन गरिनेछ।
- दृष्टिविहिन तथा अपाङ्गहरुका लागि आय-आर्जनमुलक तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
- ज्येष्ठ नागरिकहरुका लागि सम्मान कार्यक्रम संचालन गरिनेछ। होलेरी बजारमा निर्मित ज्येष्ठ नागरिक दिवा बिश्राम केन्द्रलाई थप व्यवस्थित गरिनेछ।
- बालबालिकाहरुको चौतर्फी विकासका लागि मनोरञ्जनात्मक तथा प्रतिस्पर्धात्मक कार्यक्रमहरु संचालन गरिनेछ।
- महिलाका नाममा हुने सबै प्रकारका लैङ्गिक विभेद, शोषण, दमन तथा कुप्रथाहरु रोक्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।
- घरेलु, लैङ्गिक, यौन हिंसा लगायत जोखिममा परेका महिला, बालबालिका, अपाङ्ग, एकल महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यकलाई दृष्टिगत गरि प्रबर्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।
- महिला, अल्पसंख्यक, अपाङ्ग तथा लक्षित वर्गहरुलाई स्थानीय शासनको मुलप्रवाहमा ल्याउनका लागि सशक्तिकरण तथा क्षमता विकासका कार्यक्रमहरुमा जोड दिईनेछ।
- महिला, अशक्त, अपाङ्ग तथा एकल महिलाहरुलाई आत्मनिर्भर बनाउन स्थानीय स्रोतसाधनको उपयोगबाट हस्तकलाका उत्पादनमा जोड दिईनेछ।
- अपाङग,असक्त नागरिकलाई आबश्यक पर्ने सहयोगी सामाग्री वितरण तथा जिबन उपयोगी हुने खालका तालिमको व्यवस्था गरिने छ ।

**(७)बन तथा वातावरण नीति तथा कार्यक्रम**

- गाउँपालिका क्षेत्रमा रहेका विभिन्न सामुदायिक तथा सरकारी बनहरुको संरक्षण, सम्वर्धन तथा उपयोग गर्दै स्वच्छ, दिगो बिकासका योजनहरु बनाई कार्यान्वयनको पक्षलाई अगाडि बढाईने छ ।
- एक वडा एक नमुना बन कार्यक्रम संचालन गरिने छ । वन उपभोक्ता महासंघ, वन डिभिजन, सव डिभिजन कार्यलय तथा सामुदायिक वनहरुको सझेदारी तथा समन्वयमा यो अभियानलाई तीब्रता दिईने छ । यसका लागि बजेट समेत व्यवस्था गरिने छ ।
- गाउँपालिका क्षेत्रमा रहेका विभिन्न सामुदायिक तथा सरकारी वनहरुमा गुँरास फुल्ने, काफल लगायतका बन्य फलहरु फल्ने र जंगली जनावर तथा पशु पक्षी प्रशस्त पाईने भएकाले यसको संरक्षणका लागि संरक्षण क्षेत्र घोषणा गर्ने प्रकृया अगाडी वढाईने छ । यसका लागि सम्वन्धित निकायमा साझेदारी र समन्वय गरिने छ।
- सफा र हरियाली गाँउपालिका निर्माणका लागि हरित सडक, वृक्षारोपण, कार्य संचालन गरिने छ । गाउँपालिकाका मुख्य बजार क्षेत्रको सडक किनारामा रुख रोप्ने कार्यलाई तदारुकताकासाथ सुरु गरिनेछ । मेरो गाउँ हरियो गाउँ अभियान अन्तर्गत प्रत्येक घर धनीले आफ्नो घर अगाडि दुई वटा रुखका विरुवा र फुल रोप्ने अभियान तिब्रताकासाथ अगाडी बढाईने छ ।
- पहिरो तथा वाढी जान सक्ने स्थानहरुको पहिचान गरी तटबन्धन निर्माणको व्यवस्था मिलाईने छ ।
- जडिबुटी पकेट क्षेत्रहरुको पहिचान गरिने छ । यसको विकासका लागि बजेट विनियोजना गरिने छ।

- जडिबुटी बाट उत्पादन हुन सक्ने विभिन्न स्थानीय उत्पानहरुलाई प्रोत्साहन गर्ने स्थानीय उत्पादनलाई प्रयोग गरी ब्यबसायिक कर्मीलाई अनुदानको व्यवस्था मिलाईने छ ।
- गाउँपालिकाबाट सडक तथा अन्य पूर्वाधार निर्माण गरेका योजना स्थलहरुमा अमलिसो लगायतका भुक्षय रोक्ने विरुवाहरु लागाईने छ । यस कार्यका लागि बजेट विनियोजन गरिने छ ।

**(८)सरसफाई नीति तथा कार्यक्रम**

- सन २०२४ सम्म गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गर्ने लक्ष्य लिईने छ । त्यसको लागि विभिन्न निकायसंग साझेदारी गरिने छ ।
- कुखुरा तथा बंगुर फर्महरु संचालनको अनुमति दिँदा बजार आवास तथा वस्ती क्षेत्रबाट टाढा मात्र संचालन हुने गरी अनुमति दिईनेछ ।
- बजारक्षेत्रलाई क्रमशः प्लाष्टिक मुक्त क्षेत्र घोषणा गर्दै लगिने छ र गाउँपालिकाको कार्यालय र नौवटै वडा कार्यालयहरुलाई पलाष्टिक मुक्त कार्यालय घोषणा गरिनेछ ।
- आगामी २ वर्षभित्र भान्साकोठा धुवाँ मुक्त गाउँपालिका घोषणा गरिनेछ ।
- पूर्ण सरसफाई गाउँपालिका घोषणाका लागि विभिन्न पवर्धनात्मक, प्रचारात्मक, अभियानात्मक कार्यक्रमहरु संचालन गरिनेछ । सरोकारवाला निकायहरुको संलग्नतामा अन्तर जिल्ला अवलोकन भ्रमण तथा सिकाई कार्यक्रमहरु संचालन गरिनेछ ।
- होलेरी बजार तथा अन्य बजारक्षेत्रबाट उत्पादित फोहरलाई मोहरमा बदलौ भन्ने अभियानका साथ गल्ने फोहर र नगल्ने फोहर छुट्टाछुट्टै संकलन गरी गल्ने फोहरबाट कम्पोष्टमल उत्पादन तथा नगल्ने फोहरको उचित व्यवस्थापनका लागि ल्यान्डफिल साईटको उचित व्यवसाथापन गरिने छ ।

**(९)आन्तरिक आय वृद्धि/कर/राजश्व परिचालन सम्बन्धी नीति तथा कार्यक्रम**

- आगामी आ.ब. सम्म यस गाउँपालिका भित्र ब्यबसाय गर्ने ब्यबसायीहरुले ब्यबसाय दर्ता गरे नगरेको पहिचान गरि भ्याट र पानमा आबद्ध हुन पहल गरिने छ ।
- आन्तरिक आयबढाउन करको दर घटाउँ दायरा बढाउँ अभियान संचालन गरिने छ ।
- आन्तरिक आय वृद्धि गर्नका लागि राजश्व सम्भाव्यता अध्ययन प्रतिबेदनको सिफारिसलाई कार्यान्वयन गरिने छ ।
- यस गाउँपालिकाबाट निकासी हुने बस्तुहरुको पहिचान गरी निश्चित कर लगाईनेछ ।
- निजी जग्गाबाट निकासी हुने ढुगां, गिट्टी तथा बालुवाबाट तोकिएको कर संकलन गरिने छ । यस कार्यलाई व्यवस्थित गर्न कार्यविधि स्वीकृत गरी लागू गरिनेछ ।
- गाँउपालिकाका विभिन्न क्षेत्रवाट प्राप्त गर्ने कर, शुल्क तथा दस्तुरलाई प्रभावकारीरुपले संकलन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायसँग सहकार्य गरिनेछ ।
- राजश्व प्रशासन शाखालाई थप सुदृढ गर्दै लगिनेछ । वडा र गाउँपालिकावाट संकलन हुने राजश्वलाई सफ्टवेयर प्रणालीवाट संकलण गरिने छ।
- दर्ता नगरी गाडी वा मोवाईल ब्यापारको रुपमा संचालन गरिने व्यापार व्यवसायलाई उद्योग वाणिज्य संघसँगको समन्वयमा व्यवस्थित गरिने छ ।

**(१०)साना तथा घरेलु उद्योग सम्बन्धी नीति**

- गाउँपालिका मुख्य बजार क्षेत्रलाई व्यवस्थित बनाउन औधौगिक ग्राम निर्माण गरिने छ ।यसका लागि प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय गरिनेछ ।
- अनुदान तथा साझेदारीमा कोसेली घर संचालन गरिने छ । पहिलो चरणमा होलेरी बजार र सुर्पाल बजारमा बढीमा २ वटा व्यवस्थित कोशेली घर संचालन गरिने छ ।
- स्थानीय कच्चा पदार्थमा आधारित जडिबुटी प्रशोधन उद्योग लगायत अन्य उद्योगको स्थापना तथा अनुदानका कार्यक्रमहरु ल्याई प्रोत्साहन दिईनेछ ।
- पर्यटन,शिक्षा, स्वास्थ तथा अन्य क्षेत्रमा लागानी गर्न आउने लगानीकर्ता तथा उद्योगीलाई सुरक्षा तथा सुविधाका लागि गाउँपालिका विशेष कार्यक्रम संचालन गरिनेछ ।

### (११)मानव संशाधन तथा संगठन विकास र कार्यालय व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

- कर्मचारीहरुलाई समय सापेक्ष विभिन्न सीपमूलक क्षमता विकास तालिम दिईनेछ ।
- शाखा प्रमुखहरुसँग कार्यसम्पादन करार गरी काम गर्ने कार्यको थालनी गरिनेछ ।
- कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गरी उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कृत गरिनुका साथै आन्तरिक पर्यटन काजको व्यबस्थागरि कर्मचारीको मनोबल तथा कार्य सिकाईमा हौसला प्रदान गरिने छ ।
- संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय तहको ऐन नियमानुसार गाँउ कार्यपालिकालाईआवश्यक पर्ने श्रोतको व्यवस्था हेरी संगठन संरचना र दरवन्दी श्रृजना गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी सोको प्रतिवेदनका आधारमा रिक्त दरबन्दीको पदपूर्ति गरिनेछ ।
- गाँउपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त ,विश्वसनियता, क्षमतायुक्त र प्रभावकारी वनाईनेछ ।
- सबै कर्मचारीहरुको कार्यविवरण वनाई लागू गरिनेछ ।
- गाउँपालिकाको संस्थागत क्षमता वृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ ।
- गाउँ कार्यपालिकाको बैठकवाट स्वीकृत रुन्टीगढी गाँउपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीको पूर्ण पालनामा जोड दिईनेछ ।
- गाउँपालिका क्षमता विकास योजना बमोजिम कर्मचारीहरु र जनप्रतिनिधि तथा समग्र गाँउपालिकावासीको क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

### (१२)सुशासननीति तथा कार्यक्रम

- गाउँपालिकाको सबै वडा समाबेस हुने गरी विपन्नता स्तरीकरण गरिनेछ । यसका आधारमा कार्यक्रम छनौट गरिनेछ ।
- यस अघि निर्माण भएको गाउँपालिकाको पालिका पाश्र्वचित्र अध्यावधिक गरिनेछ ।
- नागरिकता, अपाङ्ग परिचय पत्र वितरण, पंजिकरण सेवा र स्वास्थ्य सेवा समेत गरी जन चासोका सबै विषयहरुलाई स्थलगत सम्बोधन गर्न एकीकृत घुम्ती शिविर संचालन गरिनेछ । सफ्टवेयरवाट अभिलेख राखि सेवा प्रबाह गरिने छ ।

- आर्थिक क्रियाकलापमा आएको संकुचनसंगै आन्तरिक आय, अन्तर सरकारी वित्तीय हस्तान्तरण, राजश्व बाँडफाँड तथा रोयल्टी रकममा आउन सक्ने कमीलाई ख्याल गर्दै आन्तरिक तथा चालु खर्च पद्धतिलाई व्यवस्थित गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई बैंङ्कीक प्रणालीबाट भुक्तानीलिदा लाभग्राहीलाई सहजहुनेगरि वितरण प्रणालिलाई व्यवस्थित गर्दै वडा स्तरबाटै वितरण गर्ने नीति लिईने छ ।
- सुशासन स्थापनाको लागि आवश्यक कानून, नियम, विनियमावली, कार्यविधि,आदिको निर्माण गरी लागू गरिनेछ ।
- गाउँपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एवं सेवाग्राही मैत्री तुल्याउन व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिईनेछ ।
- भ्रष्टाचार नियन्त्रणका लागि शुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ ।
- नागरिक वडापत्र सेवाग्राहीले वुझ्ने गरी डिजिटल बोर्ड कार्यलयमा राखिने छ/छापिने छ ।
- गाउँपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवाका सन्दर्भमा प्रत्येक चौमासिक रुपमा सार्वजनिक सुनुवाई सम्पन्न गरिनेछ ।
- जनताका गुनासा तथा सुझाव संकलनका लागी जनताका आगनमा जनप्रतिनिधि कार्यक्रम संचालन गरिनेछ । यस कार्याक्रम अन्तर्गत हरेक तीन महिनामा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु र जनाता बीच भेटघाट तथा साक्षात्कार गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका अन्तर्गत रहेका अग्रज जनप्रतिनिधि तथा वृद्ध साथै नागरिक समाजहरुसंगको भेट गाउँपालिकाको केन्द्रमा प्रत्येक तीन महिनामा गरिने छ ।
- गाउँपालिकाले संचालनमा ल्याएको सफ्टवेयर र वेवसाईटलाई थप व्यवस्थित गरी संचालन गरिनेछ ।
- **सुचनालाई थप** प्रभावकारी विश्वसनीय छरितो रुपमा जनसमुदायमा प्रबाह गर्न गाउँपालिका भित्रका संचार माध्यमहरुसँग समन्वय गर्दै गाउँपालिकावाट प्रबाहहुने जनचेतना मुलक सन्देश, सूचना, विज्ञापन समानरुपमा वितरण गर्ने व्यवस्था मिलाईने छ ।
- सार्वजनिक सेवा प्रवाहमा प्रबिधिमा आधारित टोकन प्रबिधिको प्रयोग गरिने छ ।

**(१३)मर्यादा पालन/न्याय सम्वन्धी नीति**

- गाउँसभा संचालन कार्यविधि २०७४ मा उल्लेखित मर्यादा पालन सम्वन्धी विविध विषयहरुलाई पालनामा जोड दिईनेछ ।
- गाउँकार्यपालिकाको वैठकवाट स्वीकृत वैठक संचालन सम्बन्धी कार्यविधिको पूर्ण पालनामा जोड दिईनेछ ।
- गाउँपालिकाको कार्य विभाजन नियमावली २०७४ , कार्यसम्पादन नियमावली २०७४, निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण कार्यविधि २०७४, गाँउपालिका पदाधिकारीहरुको आचारसंहिता २०७४ को पूर्ण पालना गर्ने गराईनेछ ।
- न्यायिक समितिले गर्ने न्याय सम्बन्धी कामहरु प्रभावकारी ढंगले सम्पादन गर्न पदाधिकारी तथा कर्मचारीलाई सो सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।
- आगामी आ.ब. देखि न्यायिक समितिको कार्य व्यवस्थितगर्न कानूनी न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासका लागि कार्यक्रम तय गरिनेछ । आगामी आ.ब. देखि गाउँपालिकामा वडाहरुमा मेलमिलाप केन्द्र स्थापना गरी सञ्चालन गरिने छ र साथै न्यायिक समितिको क्षमता अभिबृद्धिका कार्यक्रम संचालन गरिने छ ।

## (१४)सार्वजनिक नीजि साझेदारी नीति

- गाउँपालिकाको सार्वजनिक निजि साझेदारी कार्यन्वयनमा ल्याईने छ।
- निजी क्षेत्र, सहकारी क्षेत्र र सार्वजनिक क्षेत्र बीच सहकार्यको आधारमा विकासका कार्यक्रम गरिनेछ ।
- यस गाउँपालिका क्षेत्रभित्र मनोरञ्जनात्मक पार्क, उद्यान, पुस्तकालय, फोहोरमैला व्यवस्थापन, हाट बजार संचालन, जस्ता कार्यका लागि सार्वजनिक निजी साझेदारी मोडलमा काम गर्ने परिपाटीको विकास गरिनेछ । यसका लागि उद्योग वाणिज्य संघ लगायतका अन्य सरोकारवाला निकायसँग सहकार्य गरिनेछ ।
- विभिन्न निजी क्षेत्रसँगको सहकार्यमा बजार क्षेत्रमा सि.सि.टि.भी. जडान गर्न पहल गरिनेछ
- मासु व्यवसायीसँगको सहकार्यमा मासु पसल सुधार, पशुवधशाला निर्माण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ।
- गाउँपालिका अन्तर्गतका क्षेहरुमा सरसफाई, न्यायिक समिति, पर्यटन तथा सार्वजनिक सम्पतिको सुरक्षा, तथा विपद उद्धार र राजश्व संकलनका लागि प्रयोग गर्ने गरी गाउँ नगर प्रहरी संचालन गरिने छ ।
- विभिन्न वैदेशिक दातृ निकायहरुको साझेदारीमा जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास लागाएतका कार्यहरु अगाडी बढाईनेछ । दातृ स्वयंसेवकहरुको साझेदारी र सहयोगमा गाउँपालिका भित्रको जनचासोको विषयमा साझेदारी गरिनेछ ।
- सम्पन्न देशका पालिकासंग भगेनि सम्बन्ध स्थापना गरि साझेदारी बिकास कार्यक्रम बढाईने छ ।

## (१५)सामाजिक परिचालन तथा टोल विकास नीति

- बालमैत्री गाँउपालिका घोषणा अभियान सुरु गरिनेछ ।
- टोल विकास तथा सामुदायिक संघ संस्थाहरुको गठन गरी उनीहरुकै सहयोग, समन्वय र सक्रियतामा सामुदायिक विकासका कार्यक्रम संचालन गरिनेछ ।
- सामुदायिक संस्थाहरु एवं लक्षित वर्ग केन्द्रित पूर्वाधार विकास, सस्ंथागत विकास, आयमूलक एवं सीपमूलक कार्यक्रम तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

## (१६)सूचना तथा संचार विकास नीति

- फोन तथा मोवाईल सेवाबाट कोही पनि वञ्चित हुन नपर्ने गरी गाँउपालिकाका नेटवर्क नपुगेका स्थानहरुको पहिचान गरी टेलिफोन टावर विस्तार कार्यको पहल गरिनेछ ।
- दुरसंचार प्रणालीलाई सवै वडामा सर्वसुलभ वनाउन पहल गरिनेछ ।
- नयाँ संचारकर्मीहरुको उत्पादन हुनेगरी विभिन्न तालिमहरुको आयोजना गर्न बजेट विनियोजन गरिनेछ ।
- आगामी आ.ब.मा रुन्टीगढी गाउँ पालिकामा ल्याण्डलाईन टेलिफोन संचालन गरिने छ । साथै अप्टीकल फाईवर सिस्टमबाट नेटको सुविधा विस्तार गर्न आवश्यक पहल गरिने छ ।
- सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्ने आफ्ना गतिविधिहरुलाई विभिन्न माध्ययमबाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिक गर्ने गाउँपालिकाबाट आवश्यक व्यवस्था मिलाईनेछ ।
- स्थानीय पत्रिका, एफ.एम. रेडियो र टेलिभिजनहरु मार्फत गाँउपालिकाका गतिविधिहरु आवश्यकतानुसार प्रकाशन र प्रसारण गरिनेछन् ।

- सूचना तथा संचार क्षेत्रको संरक्षण, प्रवर्धन र विकास गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।
- खोजमूलक र अनुसन्धानमूलक पत्रकारितालाई प्रवर्धन गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

## (१७)कोष संचालन सम्वन्धी नीति तथा कर्याक्रम

- गाउँपालिकालाई बिभिन्न समयमा आईपर्ने बिपदलाई समाधान गर्न निम्न बमोजिमका कोषहरुको व्यवस्थापन र परिचालनका लागि आवश्य कानुनी व्यवस्था गरिने छ ।
- मर्मत संभार कोष
- कर्मचारी कल्याण कोष
- प्राकृतिक विपद उद्धार विशेष कोष
- लक्षित वर्ग (महिला, बालकालिका,फरक क्षमता ) विकास विशेष कोष
- क्षमता विकास तथा मानव संसाधन विशेष कोष
- स्थानीय विकास कोष
- वातावरणीय व्यवस्थापन तथा जलवायु परिवर्तन, वैकल्पिक उर्जा विकास कोष

## (१८)सामाजिक सुरक्षा तथा अन्य नीति

- गाँउपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरुको समुचित संरक्षणको व्यवस्था गरिनेछ ।
- यस गाउँपालिका अन्तरगत वडा नं. १ लिवाडी आँप, वडा नं. ८ कुर्जार वडा नं. ३ लखनामा प्रहरी चौकी स्थापना गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।
- यस गाँउपालिका क्षेत्रभित्र जुवातास पूर्ण रुपमा बन्द गरिनेछ।
- गाँउपालिका क्षेत्रभित्र बिक्रि वितरणको उद्देश्य राखि उत्पादन गरिने घरेलु मदिरा उत्पादनलाई पूर्ण नियन्त्रण गरि अनाधिकृत मदिरा बिक्रि बितरणलाई रोकलागाई व्यवस्थान गरिने छ ।
- **हिम्सा पिडित** महिलाहरुलाई उद्धार तथा पुर्नस्थापना गर्न लैङ्गिक हिंसा निवारण कोष स्थापना गरि संचालन गरिने छ ।
- **दलित** समुदायको मौलिक तथा परम्परागत ज्ञान, सीपर कलाको संरक्षणका लागि आबश्यक कार्यक्रम संचालन गरिने छ ।
- **एकल महिला,**एच.आई.भि. संक्रमित, अपाङगता भएका ब्यक्तिलाई सिप विकास तालिम दिई जिबिकोपार्जमा टेवा पर्याईने छ ।
- **गाउँपालिका र** संघ संस्थाहरुको साझेदारीमा हिंसामा परेका महिलाहरुलाईपरामर्श तथा पैरवी सेवा प्रदान गरिने छ ।
- **सुरक्षित** नागरिक आवास कार्यक्रम अन्तर्गत बिपन्न परिवारका लागि खरको छाना विस्थापित गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- **उपभोक्ताहरुको** हकहित संरक्षणकालागि गुणस्तरिय परिक्षण र नियमित अनुमान मार्फत उपभोग्य बस्तुहरुको गुनस्तरता सुनिस्चित गरिने छ ।

## (१९)विपद् व्यवस्थापन सम्वन्धी नीति

- यस गाउँपालिका अन्तर्गत हुने सम्भावित विपद् जोखिमका क्षेत्रहरु पहिचान गरिनेछ ।
- विपद् व्यवस्थापन तथा उद्धार योजना निर्माण गरी कार्यान्वयन गरिने छ ।
- विपद् व्यवस्थापन कोष स्थापना गरी विशेष अवस्थामा कार्यान्वयन गरिने छ ।
- राहात उद्धार विपद सूचना विपद प्रतिकार्य जस्ता कार्यलाईव्यवस्थित वनाउन तालिम संचलन गरिने छ ।

## (२०)श्रम, रोजगार तथा सीप विकास नीति

- कोभिड १९ को माहामारीका कारण यस गाउँपालिका भित्रका कयौंको रोजगारी गुमेको, देशका विभिन्न क्षेत्र, भारत लगायत अन्य मुलुकहरुबाट सयौं व्यक्तिहरु गाउँपालिका फर्केको अवस्था रहेकाले त्यस्ता व्यक्तिहरुलाई लक्षित गरी रोजगारीमा आधारित रुन्टीगढी स्वावलम्बन कार्यक्रम संचालन गरिने छ । यस कार्यक्रम मार्फत ९ वटै वडामा एक हजार बढी मानिसलाई रोजगारी प्रदान गरिने छ । कार्यक्रमका लागि उल्लेख्य बजेट व्यवस्था गरिने छ ।
- स्थानीय स्तरमा रोजागरी श्रृजना हुने खालका योजनाहरु संचालन तथा कार्यन्वयन गर्ने नीति लिईने छ ।
- प्रधानमन्त्री रोगगार कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना जस्ता विकास कार्यक्रम र युवा स्वरोजगार कार्यक्रमलाई स्थानीय आवश्यकतासंग नजिक हुने गरी गाउँपालिकाको कृषि, पर्यटन तथा अन्य पूर्वाधारसंग जोडी संचालन गरिनेछ ।
- वैदेशिक रोजगारीमा जाने क्रमलाई निरुत्साहित गर्न विभिन्न अभियान तथा रोजगारका अवसरहरु श्रृजना गरिनेछ ।
- श्रमिक तयार गरी काम साझेदरी नीति अनुरुप विभिन्न सरोकारवाला निकायकालागि श्रमिकहरु उपलव्ध गराउने नीति लिईने छ ।
- बढ्छ नारीको मान, गरे ज्याला समान भावको पालना गरिने छ ।

## (२१)सहकारी नीति

- गाउँपालिकाभित्रका सबै सहकारीहरुको संरक्षण तथा सहकारी सदस्यहरुको क्षमता विकासका लागि आवश्यक नीति लिईनेछ ।
- समान कामको लागि समान ज्यालाको नीति लिईने छ । ज्यालामा महिला र पुरुषमा विभेद गरिने छैन।
- सहकारी संस्थाको तथ्याङक कारोवारलाई ब्यवस्थित बनाउन Online Data (COPOMIS) System कार्यन्वयनमा ल्याईनेछ ।
- गाउँपालिकाभित्र संचालन हुने कृषि, पशु विकास, शिक्षा, आयआर्जन लगायतका कार्यक्रमहरुमा सहकारीसंस्थाहरुको साझेदारी तथा समन्वयलाई प्राथमिकतासाथ कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका भित्रका कृषि सहकारी, महिला सहकारी, बचत सहकारी लगायतका सबै प्रकारका सहकारीहरुलाई आर्थिक क्रियाकलापहरुमा जोडी सर्बसाधरणहरुलाई आर्थिक गतिविधिमा चलायमान गराईनेछ ।